प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : २५९ ॥ २०८२ मंसिर ०३ गते बुधबार (19th Nov 2025 Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-


# कांग्रेस र राप्रपामा कार्यकर्ताहरु ओहोरदोहोर

झापा(प्रस) । नेपाली कांग्रेसका स्थानीय कार्यकर्ता तथा बिर्तामोड-१० स्थित ठूटेबर टोल विकास संस्थाका अध्यक्ष भोला पाण्डे अघिल्लो दिन राष्ट्रिय प्रजातन्त्र पार्टीमा प्रवेश गरे । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनको घरमा पुगेर उनकै हातबाट सदस्यता लिएका पाण्डे भोलिपल्ट पुनः कांग्रेसमै फर्किए । राजनीतिक नैतिकता नदेखाएका पाण्डेले सामाजिक संजालमार्फत आफू कांग्रेसमै रहने कुरा उल्लेख गर्दै सजिलै पुरानो पार्टीमा फर्किएका हुन् । उनलाई कांग्रेस छोडेर राप्रपामा जान जति सजिलो भयो, त्योभन्दा बढी सजिलो भयो कांग्रेसमा फर्किन । पार्टी छोडेर गएका र अनि फर्किएर आएका पाण्डेलाई कांग्रेसले ससम्मान ठाउँ दिएको छ । पाण्डे एकजना उदाहरण मात्र हुन् । कांग्रेस र राप्रपामा हेर्ने हो भने एउटा पार्टी छोडेर अर्कोमा जाने फेरि त्यही पार्टीमा फर्किने चलन निक्कै चल्दै आएको छ । पाण्डेजस्तै बिर्तामोडका लक्ष्मी ढकाल पनि कांग्रेस छोडेर राप्रपामा गएका थिए । त्यहाँ बस्न नसकी उनी पुनः कांग्रेसमै फर्किएका छन् । अर्कोतर्फ कुमार भट्टराई , लक्ष्मी गौतमजस्ता नेता राप्रपा छोडेर कांग्रेसमा गएका थिए । उनीहरु त्यहाँ टिक्न नसकी पुनः राप्रपामै फर्किएका छन् । यसरी कांग्रेस र राप्रपामा ओहोरदोहोरको श्रृंखला चल्दै आएको छ ।



त्यसो त राप्रपा पूर्व कांग्रेसीहरुले नै चलाएको देखिन्छ । राप्रपाका अधिकांश नेता कार्यकर्ता कांग्रेसबाट आएका छन् । झापामा राप्रपा थामिदिने भक्ति सिटौला ,राजकुमार पोखरेल, शारदा रिजाल , डम्बर थापा , वेदप्रकाश अग्रवाल , राजकुमार प्रसाई , विनोद आचार्य कांग्रेसकै हुन् । कांग्रेसले अलिअलि राप्रपा कार्यकर्ता तानेपनि त्यो भन्दा बढी राप्रपाले कांग्रेस कार्यकर्ता तानेको छ । कम्युनिष्ट विचार भएकाहरु कम मात्रामा राप्रपामा गएका छन् । यसरी एउटा पार्टीबाट अर्को पार्टीमा जानेहरुको भर त्यति धेरै देखिएको छैन । कांग्रेसबाट आएकाहरु उताउला देखिने गरेको तर एमालेबाट आएकाहरुले संगठन बनाएर बसेको राप्रपाका एक नेतृले बताइन् । त्यस्तै बुझाई कांग्रेसको पनि रहेको छ । राप्रपाबाट कांग्रेसमा आउनेहरुलाई पार्टीले नपत्याउँदा उनीहरु पुनः पुरानै पार्टीमा फर्किएका हुन् । निर्वाचन नजिकिँदै गर्दा कार्यकर्ता तानातान गर्ने प्रवृति बढ्दै गएको छ ।

# दुर्गालाई ४ दिन हिरासतमा राख्न अदालतको अनुमति

झापा(प्रस) । सोमवार राति भक्तपुरबाट पक्राउ परेका दुर्गा प्रसाईंलाई ४ दिन हिरासतमा राखिने भएको छ ।
जिल्ला अदालत, काठमाडौंले सार्वजनिक शान्तिविरुद्धको कसुरमा अनुसन्धानका लागि हिरासतमा राख्न अनुमति दिएको हो ।
'अब हिरासतमा राखेर सोधपुछ र थप अनुसन्धान प्रक्रिया अघि बढ्नेछ,' काठमाडौं प्रहरी प्रमुख एसएसपी रमेश थापाले भने । प्रसाईंले ७ मंसिरदेखि देशै ठप्प पारेर राजसंस्था र हिन्दुराष्ट्र पुनर्स्थापना गर्ने आन्दोलन थाल्ने बताउँदै आएका थिए ।
पछिल्लो समय उनले दूतावासहरूको नाम नै तोकेर बम प्रहार हुन सक्ने र दोष आफूलाई थुपारिदिन सक्ने भन्दै दिएको अभिव्यक्तिलाई सुरक्षा संयन्त्रले नोटिसमा लिएको थियो ।



आइतबार बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा समेत उनलाई कारबाहीको दायरामा ल्याउनुपर्ने प्रसंग उठेको थियो । त्यसपछि बैठकले हिंसा भड्काउने, जनता आतंकित पार्ने गतिविधि गर्नेलाई निस्तेज गर्न कडाइका साथ कानुनी कारबाही अघि बढाउने निर्णय गरेको थियो ।

# रेल दुर्घटनामा परी कचनकवलका युवकको मृत्यु



झापा(प्रस) । भारतमा रेल दुर्घटनामा परी झापा कचनकवलका एक युवकको मृत्यु भएको छ ।
मृत्यु हुनेमा कचनकवल गाउँपालिका-४ पगलीभिट्टा निवासी कार्तिक मियाँका छोरा फरमुद आलम रहेका छन् ।

पारिवारिक स्रोतका अनुसार आलम दिल्लीबाट रेल चढेर घर फर्कने क्रममा आइतवार राति उत्तर प्रदेश राज्य जागिपुर रेलवे स्टेसननजिकै लडेर गम्भीर घाइते भएका थिए । घाइते आलमको त्यही मृत्यु भएको हो।

उनी कामको सिलसिलामा केही महिना अगाडि भारतको राजधानी नयाँ दिल्ली गएका थिए । शवको कानुनी प्रक्रिया पूरा गरी नेपाल ल्याउने तयारी भइरहेको पारिवारिक स्रोतले जनाएको छ ।

# विशेष महाधिवेशनका लागि कोइराला र थापा सहमत

झापा(प्रस) । कांग्रेस नेता शेखर कोइराला र महामन्त्री गगन थापा विशेष महाधिवेशनकै पक्षमा उभिने भएका छन् । निर्वाचन अगाडि नियमित महाधिवेशनको तालिका ल्याउन दबाव दिँदै आएका तर विशेष महाधिवेशनको पक्षमा खुलेका थिएनन् । मंगलबार कोइराला र थापाबीच यस विषयमा लामो छलफल भएको थियो ।
कोइरालाको विशालनगरस्थित सम्पर्क कार्यालयमा भएको छलफलमा विशेष महाधिवेशनका लागि हस्ताक्षर गर्ने अगुवा नेताहरु गुरु घिमिरे, देवराज चालिसेसहितका नेताहरुको उपस्थिति थियो ।
'महाधिवेशनको मुद्दामा कोइराला र महामन्त्री थापाबीच एउटै एजेन्डाका साथ अघि बढ्ने समझदारी भएको छ । दुई नेताबीच अब किन्त, परन्तु कुनै पनि रुपमा फरक धारणा छैन,' बैठकमा सहभागी नेता चालिसेले बताए ।
कोइरालाले मुख्य रुपमा दुई सरोकार त्यस अवसरमा राखेका छन् । पुस मसान्तभित्रै नियमित महाधिवेशन गर्ने अठोटसहित संस्थापनपक्ष तयार भएर कार्यतालिकाको प्रस्ताव गर्न तयार भएमा त्यसैमा जानुपर्ने सुझाव उनको छ । अर्को नियमित महाधिवेशन नगर्ने तालिका मात्रै ल्याउन खोज्ने अवस्था विद्यमान रहेमा विशेष महाधिवेशन निर्विकल्प हुने उनको भनाइ थियो ।
विशेष महाधिवेशन बोलाउँदा ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरुको हस्ताक्षर प्रमाणीकरण गर्ने काम नगरी केन्द्रीय



कार्यसमिति आफैंले बोलाउने निर्णय लिनुपर्नेमा दिशामा जोड दिनुपर्ने बताएका थिए । 'नियमित नगर्ने हो भने विशेष गरेर भए पनि निर्वाचन अगाडि महाधिवेशन गर्नुपर्छ भन्नेमा मात्रै होइन, संस्थापनपक्षले त्यसका लागि अवरोध गरेमा कसरी अघि बढ्ने भन्नेबारेमा समेत दुवै नेताबीच समझदारीका साथ अघि बढ्ने कुराकानी भएका छन,' चालिसेले भने,'अब नियमित महाधिवेशन हुने संभावना कम छ, विशेषमा जानुपर्छ भन्नेमा शेखर दाइ प्रस्ट देखिनुहुन्छ ।'
महामन्त्री थापाले भने संस्थापनपक्षका पूर्व पदाधिकारीसहितका केही नेताहरु नियमित र विशेष महाधिवेशनसमेत रोक्ने प्रयत्नमा लागेको बताउँदै त्यसका सामना गरेर अघि बढ्नुपर्ने धारणा राखेका थिए । थापा र अर्का महामन्त्री विश्वप्रकाश शर्माले विशेष महाधिवेशनका लागि आवश्यक गृहकार्यसमेत गरिरहेका छन् ।
१४ औं महाधिवेशनका ५४ प्रतिशत प्रतिनिधिहरुले हस्ताक्षरसहित असोज २८ गते नै विशेष महाविधेशनको माग राखेर पार्टी केन्द्रीय कार्यालय सानेपामा निवेदन दिइसकेका छन् । विधानअनुसार चालिस प्रतिशत हस्ताक्षरसहित माग भएमा त्यसको ९० दिनभित्र विशेष महाविधेशन बोलाउनुपर्ने बाध्यात्मक व्यवस्था छ । विशेष महाधिवेशन माग भएको पुस २८ गते नब्बे दिन पुग्छ ।
यता संस्थापनपक्षका खासगरी पूर्वपदाधिकारीहरु केन्द्रीय कार्यसमितिको बहुमतबाट निर्वाचन अगाडि नियमित र विशेष दुवै महाधिवेशन अस्वीकार गरेर अघि बढ्नुपर्ने रणनीतिमा अझै लागिरहेका छन् । आवश्यक रणनीति बनाउनका लागि उनीहरुले बुधबार पुनः संस्थापनपक्षको भेला बोलाएका छन् ।

सभापति शेरबहादुर देउवाले भने मंगलबार पनि मध्यमार्गी समाधानको बाटो खोज्न नेताहरुसँग संवाद गरिरहेका छन् । उनले दोस्रो र तेस्रो तहका नेताहरुसँग छुट्टाछुट्टै बोलाएर धारणा बुझिरहेका छन् । संस्थापनपक्षीय नेता ज्ञानेन्द्रबहादुर कार्की कुनै मध्यमार्गी बाटो खोजेर महाधिवेशनसम्बन्धी विवाद हल गर्ने प्रयत्न भइरहेको बताए । 'पार्टीका बृहत्तरहितका लागि हामीले कुनै न कुनै बाटोबाट समाधानको उपाय खोज्नुपर्छ, अहिलेको चुनौतीपूर्ण घडिमा कांग्रेसलाई एकढिक्का बनाएर जानुपर्छ,' उनले भने । कार्कीले केन्द्रीय कार्यसमिति बैठकमा नेतृत्व चयनलाई नियमित महाधिवेशनको जिम्मा लगाएर नीतिकेन्द्रित विशेष महाधिवेशन बोलाउन सकिने विकल्पसमेत अघि सारेका थिए ।

# नाराबाजीसहित दुर्गालाई भेट्न आएका ८ जना पक्राउ

झापा(प्रस) । दुर्गा प्रसाईंलाई भेट्न गएका ८ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता पवन भट्टराईका अनुसार ठूलो भीडभाड र नाराजुलुस गर्दै जिल्ला प्रहरी कार्यालय पुगेका प्रसाईंका कार्यकर्तालाई 'स्क्रिनिङ'का लागि नियन्त्रणमा राखिएको हो।
नियन्त्रणमा लिएका केही व्यक्तिले सामाजिक सञ्जालमा प्रहरी कार्यालय तोडफोड गरेर भए पनि दुर्गा प्रसाईंलाई निकाल्नुपर्छ भन्दै अवाञ्छित सूचना फैलाएका थिए। उनीहरूका आपराधिक रेकर्ड हेर्न र अराजक समूहको निगरानी गर्नका नियन्त्रणमा लिइएको प्रवक्ता भट्टराईले जानकारी दिए।
प्रसाईं पक्राउ गर्नासाथ उनका समर्थकहरू नारावाजी गर्दै जिल्ला प्रहरी परिसर पुगेका थिए। प्रसाईंलाई छाड्नुपर्ने भन्दै विरोध गरेका थिए। प्रहरीका अनुसार उनीहरूको केही समूहले सामाजिक सञ्जालमा अनेक भ्रामक सूचना फैलाइरहेका छन्।
सोमबार राति पक्राउ परेका प्रसाईंलाई जिल्ला प्रशासन कार्यालय काठमाडौंले सार्वजनिक शान्तिविरुद्धको कसुरमा अनुसन्धान गर्न हिरासतमा राख्नका लागि ४ दिनको म्याद दिएको छ।

# कीर्तिमानी स्कोरसहित विराटनगर विजयी

झापा(प्रस) । विराटनगर किंग्सले नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटकै उच्च स्कोर बनाउँदै मंगलबार पोखरा एभेन्जर्समाथि ५३ रनको विजय हात पारेको छ ।
२ सय २१ रनको विशाल लक्ष्य लिएर आएको पोखरा १८.५ ओभरमा १ सय ६७ रनमा अलआउट भयो ।
टस हारेपछि ब्याटिङको निम्तो पाएको विराटनगरले त्रिवि क्रिकेट



अन्तर्राष्ट्रिय मैदानको फ्लडलाइटमा निर्धारित २० ओभरमा ६ विकेट गुमाई २ सय २० रन बनाएको थियो, जुन एनपीएल क्रिकेटकै उच्च स्कोर हो ।
विराटनगरले आफैंले बनाएको उच्च स्कोरको कीर्तिमानलाई उछिनेको हो । गत वर्ष विराटनगरले लुम्बिनी लायन्सविरुद्ध ८ विकेट गुमाई १ सय ९३ रन बनाएर खेल जितेको थियो ।
लोकेश बम र मार्टिन गप्टिलको अर्धशतकपछि विराटनगरले विशाल स्कोर बनाएको थियो । बम र गप्टिलले दोस्रो विकेटमा १ सय ३२ रनको साझेदारी गरे । एनपीएल इतिहासको यो दोस्रो उच्च साझेदारी हो । गत वर्ष पोखराका एन्ड्रिज हाउस र दिनेश खरेलले पहिलो विकेटमा विना क्षति १ सय ७६ रन जोडेका थिए ।
जर्ज मुन्सी समान १ छक्का र चौका प्रहार गरी १० रनमा आउट भएपछि बम र गप्टिल पोखराका बलरहरूमाथि हाबी भएका थिए । गप्टिलले ३५ बल खेली ३ चौका र ५ छक्कासहित ६१ रन बनाए । बमले ७ चौका र १ छक्का प्रहार गर्दै ४८ बलमा ७२ रन बनाए ।

बसिर अहमद १३ बलमा १ चौका र छक्का प्रहार गरी २३ रनमा आउट भए । शुभम रन्जने १६ बलमा ३ चौका र २ छक्का प्रहार गरी ३८ रन बनाई आउट भए । इनिङ्ससको अन्तिम बल सामना गर्न आएका प्रतिश जिसी लङ अफमा क्याच दिन पुगे ।
नारायण जोशी ३ बल खेली ११ रनमा अविजित रहे । पोखराका म्याट टेलरले २ विकेट लिए । तर त्यसका लागि उनले ४ ओभरमा ४८ रन खर्चे । सागर ढकाल र कप्तान कुशल भुर्तेलले १-१ विकेट लिए ।
कप्तान भुर्तेलले ५९ रन बनाए पनि पोखरा विशाल लक्ष्यको नजिक पुग्न सकेन । भुर्तेल ३१ बलमा ५९ रन बनाई १५ औं ओभरमा सातौं खेलाडीको रूपमा आउट भए । उनका ओपनिङ जोडी दिनेश ७ रनमै आउट भएका थिए ।
भुर्तेल र एडम रोसिङटनले दोस्रो विकेटमा ३२ बलमा ७६ रनको साझेदारी गरी पोखरालाई आशा देखाएका थिए । रोसिङनले २१ बल खेली ५ चौका र २ छक्कासहित ३९ रन बनाए । तर सन्दीप लामिछानेले एकै ओभरमा जिम्मी निसम र तृतराज दासलाई आउट गरेपछि पोखराका खेलमा फर्किने सम्भावना कमजोर बनेको थियो ।

किरण ठगुन्ना ८, अभिषेक तिवारी ११, टेलर र आकाश चन्द ४-४ रनमा आउट भए । ड्यान डाउथवेट आउट हुने अन्तिम खेलाडी थिए । उनले २० बल खेली ४ चौका र १ छक्कासहित २९ रन बनाए । विराटनगरका सन्दीप, मर्च्येन्ट डी ल्याङ्गे, प्रतिश जिसी र रन्जनेले २-२ तथा बसिर र सूर्य तामाङले १-१ विकेट लिए ।

# प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्च जाने एमालेको निर्णय

झापा(प्रस)। प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले गरेको प्रतिनिधिसभा विघटनविरुद्ध एमाले सर्वोच्च अदालत जाने भएको छ । प्रतिनिधिसभा पुनःस्थापनाको मागसहित एमालेले सर्वोच्च अदालत जाने निर्णय गरेको हो ।
विघटित प्रतिनिधिसभा संसदीय दलको मंगलबारको बैठकले एमालेले सर्वोच्च अदालत जाने निर्णय गरेको हो । विघटित प्रतिनिधिसभामा एमाले प्रमुख सचेतक रहेका महेश बर्तौलाले असंवैधानिक रूपमा विघटन गरिएको प्रतिनिधिसभा पुनःस्थापनाको माग लिएर सर्वोच्च अदालत जाने निर्णय भएको जानकारी दिए । 'हामी सर्वोच्च अदालत जाने भएका छौं । संवैधानिक उपचार खोज्ने निर्णय भएको छ,' बर्तौलाले भने ।
पार्टी मुख्यालय च्यासलमा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रतिनिधिसभा पुनःस्थापनाको माग गर्दै पार्टी कानुनी उपचारका लागि अदालत जाने बताएका थिए । 'हामी दुईवटै कदम चाल्दै अघि बढनेछौं । एउटा यसलाई अस्वीकार गर्दै कानुनी उपचार खोज्छौं । यो कोर्टमा न्याय, संविधानका नजरमा र यसको संवैधानिक,



यी कदमहरूको संवैधानिक परीक्षण हुनुपर्दछ भन्ने हामी ठान्दछौं,' ओलीले भने,'अर्को कुनै परीक्षणको फैसला आउने कुनै बाटो नै छैन । पुनःस्थापनाबाहेक सम्मानित अदालतले गर्ने अर्को फैसला गर्ने अर्को संवैधानिक बाटो नै छैन ।'
ओलीले विगतमा आफू दुई तिहाइको प्रधानमन्त्री हुँदाका बखत गरिएको प्रतिनिधिसभा विघटनलाई सर्वोच्च अदालतले उल्ट्याएको भन्दै अहिलेको सरकारले गरेको विघटन सही हुनै नसक्ने बताए । 'मैले पनि धेरैपल्ट संविधान पल्टाए । धेरै पल्ट संविधान हेरेँ । यो पूर्ण रुपमा असंवैधानिक छ । यसले संविधानसम्मत छु भनेर दाबी गर्नै सक्दैन, तर्क पेस गर्नै सक्दैन यसले,' ओलीले भने, 'संवैधानिक छु, लोकतान्त्रिक छु, लोकतन्त्रको पक्षमा छु यसले भन्नै सक्दैन । यसले भन्ने एउटा कुरा हो भने-अराजकता, आगलागी, तोडफोड र लुटपाटलाई क्रान्ति भनेर क्रान्तिबाट बनेको हो भन्ने ।'

संविधानले नचिनेको प्रधानमन्त्रीले गरेको विघटन कुनै हालतमा संविधानसम्मत नहुने भन्दै ओलीले सर्वोच्च जाने बताएका थिए । प्रतिनिधिसभा विघटनविरुद्ध यसअघि नै १७ वटा रिट निवेदन सर्वोच्च अदालतको संवैधानिक इजलासमा विचाराधीन छन् । प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्च अदालत जाने निर्णय गर्ने एमाले पहिलो दल हो । प्रधानमन्त्री कार्कीले भदौ २७ मा प्रतिनिधिसभा विघटनको सिफारिस गरेकी थिइन् । सोही दिन राष्ट्रपति पौडेलले प्रतिनिधिसभा विघटन गरी आगामी फागुन २१ का लागि निर्वाचन घोषणा गरेका थिए ।

# कर्मचारी अभावले अध्यागमनमा डेस्क खाली, यात्रुलाई सास्ती

झापा(प्रस) । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमनमा आगमन र प्रस्थानतर्फ यात्रुका कागजात जाँच गर्न ४५ डेस्क छन् । तर, कर्मचारी अभाव देखाएर अहिले दुवैतर्फका डेढ दर्जन डेस्क खाली छन् ।

जसका कारण दैनिक हजारौं यात्रु ओहोरदोहोर गर्ने विमानस्थल अध्यागमनमा चाप बढेको छ । पछिल्लो समय भिजिट भिसामा जाने यात्रुका लागि नयाँ मापदण्ड जारी भएपछि कर्मचारी विमानस्थल अध्यागमनमा जानै नचाहेको गृह मन्त्रालयको दाबी छ ।

अध्यागमन विभागका अनुसार प्रस्थानतर्फ २३ र आगमनतर्फ २२ डेस्क छन् । दिनमा तीन सिफ्टमा काम हुने गरेको छ । यसका लागि हरेक सिफ्टमा ८/८ घण्टाको पालोमा कर्मचारी खटिने गरेका छन् । आवागमन जाँच सहज बनाउन बनाइएका संरचनालाई पूर्ण क्षमतामा चलाउन तीन सिफ्टमा १ सय ३५ अधिकृत खटाउनुपर्छ । सोमबारसम्मको अभिलेखअनुसार डेस्कमा खटिने अधिकृत १ सय ११ जना मात्रै छन् । भिजिट भिसा मापदण्ड संशोधनको भोलिपल्ट १४ कात्तिकसम्म १ सय २१ जना अध्यागमन अधिकृत विमानस्थल डेस्कमा कार्यरत थिए ।

जनशक्ति नहुँदा डेस्क खाली भएको विभागका महानिर्देशक रामचन्द्र तिवारीको दाबी छ ।

कर्मचारी बढाउन विभागले संगठन तथा व्यवस्थापन (ओएण्डएम) सर्वेक्षण अघि बढाएको छ । ओएण्डएम गरेर विमानस्थल अध्यागमनमा अधिकृतको



दरबन्दी बढाउने पहल भइरहेको र त्यसपछि पूर्ण क्षमतामा डेस्कलाई सञ्चालन गरिने उनको भनाइ छ । विमानस्थलबाट दैनिक आवागमन गर्ने यात्रुको संख्या सरदर १९ हजारभन्दा बढी छ । २३ देखि २८ कात्तिकसम्म नेपाल भित्रिने र बाहिरिने यात्रुको संख्या १ लाख १२ हजार ९ सय ३५ जना देखिन्छ । यसमध्ये ९८ प्रतिशत यात्रु त्रिभुवन विमानस्थलबाट आवागमन गर्ने गरेको विभागका अधिकारी बताउँछन् । तर, यात्रु आवागमन चापलाई सहज, व्यवस्थित र छरितो बनाउन कागजात जाँच गर्ने विमानस्थलका अध्यागमन डेस्क पूर्ण सञ्चालनमा ल्याइएको छैन ।

विगतमा भिजिट भिसाको आवरणमा असुली धन्दा चलाउने संगठित गिरोहले नै एयरलाइन्स, अध्यागमनका कर्मचारी, प्रहरी, शैक्षिक परामर्श केन्द्र, ट्राभल एजेन्सी, म्यानपावर व्यवसायीको सेटिङमा योजनाबद्ध रूपमा अध्यागमन डेस्क पूर्ण सञ्चालनमा ल्याउन अवरोध पुऱ्याएको आरोप लागेको थियो । त्यसपछि केही कर्मचारीलाई काजमा खटाएर पनि बन्द डेस्क खुलाउने प्रयास भएका थिए । तर, अहिले काजमा रहेका कर्मचारी फिर्ता भइसकेका र भिजिट भिसासम्बन्धी विगतका कठोर प्रावधान संशोधन गरी खुकुलो बनाएपछि भएका कर्मचारी पनि धमाधम सरुवा भएर बाहिरिन थालेकाले पनि डेस्क सञ्चालनमा कठिनाइ भएको विभागले जनाएको छ ।

विगतमा विमानस्थल अध्यागमन जान कर्मचारीहरूले सोर्सफोर्स लगाउने गरेका थिए । गिरोहको सेटिङमा विदेश जाने यात्रुबाट रकम असुल्ने र त्यसको निश्चित हिस्सा कर्मचारीसम्म पुग्ने भएपछि अध्यागमन कर्मचारीका लागि आकर्षक मानिन्थ्यो । पछिल्लो पटक सरकारले भिजिट भिसासम्बन्धी मापदण्डमा खुकुलो बनाउनुका साथै कर्मचारीका गतिविधि पनि अनुसन्धान गर्ने निकायको राडारमा पर्न थालेपछि सरुवा माग्नेको संख्या बढेको हो ।

अध्यागमन विभागका अनुसार विमानस्थलमा कार्यरत २३ जना कर्मचारी एक वर्ष नपुग्दै सरुवा भएर गृह मन्त्रालय गएका छन् । सरुवा भएकामध्ये केहीको रमाना हुन बाँकी रहेको र अधिकांश सरुवा भएको स्थान गइसकेको विभागका महानिर्देशक तिवारीको भनाइ छ ।

२८ फागुन २०८१ मा विमानस्थल गएका वरिष्ठ अध्यागमन अधिकृत अञ्जन न्यौपानेको हालै गृह मन्त्रालयमा सरुवा भइसकेको छ । यद्यपि उनको रमाना हुन बाँकी छ । अर्का वरिष्ठ अध्यागमन अधिकृत ईश्वरदत्त पनेरुको पनि गृहमै सरुवा भइसकेको छ ।

## छिटो राहदानी बनाइदिने भन्दै विचौलियाको काम गर्ने आठ जना पक्राउ



प्रहरीले छिटोछरितो राहदानी बनाइदिने भन्दै विचौलियाको काम गर्ने र दुःख दिने गरेको अभियोगमा आठ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पाँचथर फाल्गुनन्द गाउँपालिका–४ का २६ वर्षीय सञ्जय आङ्देम्बे, काठमाडौँ, शङ्खरापुर–६ का ३२ वर्षीय ख्यामबहादुर श्रेष्ठ, सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका–३ का २५ वर्षीय प्रेमबहादुर लामा, सोही ठाउँकी १८ वर्षीय भगवान तामाङ, सुर्खेत बराहताल गाउँपालिका–१० का २९ वर्षीय टेकबहादुर सुनार, दोलखा भिमेश्वर–२ का ३० वर्षीय साजन श्रेष्ठ, रामेछाप रामेछाप नगरपालिका–५ का ४० वर्षीय गोकुलबहादुर श्रेष्ठ र सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी–३ का ३८ वर्षीय जीवन लामा रहेका उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए । उनले भने, "राहदानी विभाग त्रिपुरेश्वर, काठमाडौँको मुलगेट बाहिर सेवाग्राहीलाई छिटोछरितो राहदानी बनाइदिने भन्दै विश्वास दिलाई अतिरिक्त रकम लिइ दुःख हैरानी दिने तथा राहदानी विभागका कर्मचारीसमेतको कामकारबाहीमा अवरोध पुऱ्याउने कार्य गरेको भन्ने विशेष सूचनाको आधारमा उनीहरूलाई पक्राउ गरिएको हो ।"

पक्राउ परेका आठै जनालाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौँमा पठाइएको सूचना अधिकारी आचार्यले बताए ।

## मलेसियासँग नेपाल १-० ले पराजित

झापा(प्रस) । नेपाल एसिया कप छनोट तेस्रो चरणको मंगलबार क्वालालम्पुरमा भएको खेलमा मलेसियासँग १-० ले पराजित भएको छ ।

मलेसियाले पूरा खेल अवधिमा



लगातार आक्रमण बुने पनि नेपाल साँघुरो हार निकाल्न सक्षम रह्यो ।

खेलको एक मात्र गोल फैसल हलिमले ५६ औं मिनेटमा गरे । नेपालका अधिकांश खेलाडी रक्षात्मक भूमिकामा रहे र गोलरक्षक तथा कप्तान किरण लिम्बूले पनि लगातार शृंखलाबद्ध बचाउ गरे ।

तेस्रो चरणको छनोटमा नेपालका यो लगातार पाँचौं हार हो र शून्य अंकमा चार टिममध्ये पुछारमा छ । मलेसियाको भने यो लगातार पाँचौं जित हो । यससँगै १५ अंकमा मलेसिया अबको एसिया कपमा छनोटको नजिक पुगेको छ ।नेपाल खेलको अन्त्यमा दस खेलाडीमा सीमित रहेको थियो । लाकेन लिम्बू रातो कार्ड खाएर मैदान छाड्न बाध्य रहे । त्यसमै मलेसियाले पेनाल्टी पनि पाएको थियो, तर पाओलो गोल गर्न चुके र उनको प्रहार बाहिरिएको थियो ।

# अनधिकृत व्यक्तिको पहुँचमा पुगेको छैन : निर्वाचन आयोग

झापा(प्रस) । निर्वाचन आयोगले मतदाता नामावलीसम्बन्धी सूचना कुनै पनि अनधिकृत व्यक्तिको पहुँचमा नपुगेको बताएको छ । निर्वाचन आयोगको वेबसाइटमा अनधिकृत रूपमा प्रवेश गरी मतदाता नामावलीसम्बन्धी सूचनाहरू फेला पारेको भनी विभिन्न सञ्चार माध्यम र सामाजिक सञ्जालमा राखिएका र साझा गरिएका दाबीहरू प्रति गम्भीर ध्यानाकर्षण भएको समेत आयोगले जनाएको छ ।

आयोगले एक सूचना जारी गर्दै भनेको छ-'निर्वाचन



आयोगको वेबसाइट तथा मतदाता नामावलीसम्बन्धी सूचनाहरूमा कुनै पनि अनधिकृत व्यक्तिको पहुँच पुगेको छैन र मतदाता नामावलीसम्बन्धी सूचना प्रणाली पूर्ण रूपमा सुरक्षित छ । नागरिकका कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचनाको पूर्ण सुरक्षाका लागि आयोग प्रतिबद्ध रहेको छ ।'

आयोगसँग सम्बद्ध सूचना प्रविधिसम्बन्धी विज्ञहरूले सूचना प्रणालीको निरन्तर अनुगमन गर्ने, सुरक्षा जोखिम विश्लेषण गरी सूचना प्रणाली सुरक्षाका लागि अपनाउनुपर्ने सबै उपायहरू अवलम्बन गर्ने कार्य गरिरहेको सूचनामा उल्लेख छ ।

सामाजिक सञ्जालहरूमा निर्वाचन आयोगको सूचना प्रणालीबाट लिइएको भनी देखाइएका पीडीएफ फाइलहरू आयोगले विगतमा निर्वाचन प्रयोजनका लागि कानुनसम्मत रूपमा निर्वाचन कार्यालयहरू र राजनीतिक दलहरूलाई उपलब्ध गराइएका सामान्य सूचनाहरू भएको पनि आयोगले प्रष्ट पारेको छ ।

## कालिकापीठमा...

पारलौकिक फलहरुको वर्णन रहेको आचार्य रघुनाथ रिजालले जानकारी दिए । उनका अनुसार तीसँगै ब्याकरण, स्वर, ज्योतिष, आयुर्वेद, रत्नसागर, नीतिजस्ता समाजका लागि अत्यावश्यक विषय र उत्तर खण्डमा जीवात्माको स्वरुप, स्वर्ग र नरकको वर्णन लगायतका विषय उल्लेख छन् ।

झापाको अर्जुनधारा नगरपालिका वडा नं-९ मा रहेको देबीको सिद्ध शक्तिपीठ हो कालिकापीठ कालीस्थान । कालिकापीठको इतिहास पूर्वकै प्रसिद्ध शक्तिपीठ ताप्लेजुङको पाथीभरासँग जोडिन्छ । त्यसस्थानमा देवीको शक्तिपीठ छ भन्ने कुरा कसरी र कोबाट प्रमाणित भयो रु भन्ने बिषयमा किंबदन्ती कालिकापीठको स्मारिकामा उल्लेख छ - 'तत्कालीन शनिश्चरे-६ मा रामानुज बैष्णव समूदायका भोलाइदास नामका थारु सन्तको बसोबास थियो । उनका घरमा देश- बिदेशबाट विभिन्न साधु-सन्तहरु आउने-जाने गर्दथे । सोही क्रममा डुल्दैडुल्दै भोलाइ दासकहाँ आएका एक सन्तले विशाल अक्षय बृक्षमुनि कालीको प्रतिमा भेटेर नित्य पूजा आरधना गर्नु भनेपछि त्यहाका स्थानीयले पूजा आरधना थालेको र बैशाख पुर्णिमाका दिन मेला लगाउन थालेको बताइन्छ । नाम थर र गोत्र नखुलेका ती सन्तले माटोबाट देबीको प्रतिमा बनाई पूजा गर्न थालेपछि स्थानीयबाट पनि पूजा आरधना शुरु भएको पाइन्छ ।'

बिक्रम सम्वत् २०३३ सालमा तत्वबेत्ता विद्वान ब्यक्तित्व योगी नरहरीनाथको सहभागितामा 'बृहत धार्मिक सम्मेलन' भएको थियो । सोही सम्मेलनमा योगी नरहरिनाथले शस्त्र- अस्त्रहरुले सुसज्जित हुनुभएकी माता जगदम्बाले असूरहरुको बध गर्ने क्रममा कञ्चनजङ्घा हिमश्रृङ्खलाबाट चालेको पहिलो पाइलो ताप्लेजुङको पाथीभरामा, दोश्रो पाइलो कालिकापीठ कालीस्थानमा र तेस्रो पाइलो भारतको कलकत्तास्थित कालीमन्दिरमा टेकेको भनी शास्त्रीय प्रमाणसहित प्रमाणित गरिदिएपछि कालिकापीठको महत्व बढेर गएको पीठका अध्यक्ष पोखरेलले बताए । दैवी शक्ति रहेको विश्वासहित भक्तजनले कुनै पनि कुरा चिताएर कालिकापीठको दर्शन-पूजन गरेमा मनोकांक्षा पुग्ने गरेकाले पनि नेपाल-भारतका भक्तजनहरु अगाध आस्था र विश्वास राखेर त्यहाँ आउने गरेको अध्यक्ष पोखरेलले जानकारी दिए । २०५६ सालमा ज्यो.पं. लक्ष्मीप्रसाद पोखरेलको अध्यक्षतामा कालिकापीठ ब्यवस्थापन समिति गठन भएको थियो । सो समितिले जग्गादाता दलमानसिंह तामाङ (चैनपुरे बा)-ले प्रदान गरेको ११ कठ्ठा जग्गामा भौतिक निर्माण शुरु गरेको हो । आजीवन सदस्यहरूबाट प्राप्त आर्थिक सहयोग, बार्षिक रुपमा गरिने यज्ञानुष्ठानबाट प्राप्त सहयोग, मुष्ठीदान, देश- बिदेशमा रहेका दाताहरुबाट प्राप्त दानदातब्यबाट हालसम्म लगभग ९ करोड बढीका भौतिक संरचना निर्माण भइसकेको अध्यक्ष पोखरेलले बताए । अहिले १७ कठ्ठा परिसरमा फैलिएको पीठमा गौशाला, पाकशाला, यज्ञशाला, छात्रबास, देवालय लगायतका भौतिक संरचना निर्माण भएका छन् । पीठ परिसरमा शिवालय, नवग्रह, अरुन्धतीसहित सप्तऋषिको प्रतिमा रहेको हवन कुण्ड, देवी मन्दिर लगायतका भौतिक संरचनाहरु रहेका छन् ।

२०६३ सालबाट वैदिक ग्रन्थहरुको अध्ययन-अध्यापन समेत गराइदै आएको पीठमा पूर्वीय वैदिक संस्कार, संस्कृति र वैदिक ग्रन्थहरु रुद्री, दुर्गा सप्तसती, बेद, ब्याकरण एवं पुराणादि ग्रन्थहरुको अध्यापन हुँदै आएको छ । आवास-भोजन सुविधासहित पूर्णरुपमा निःशुल्क पढाइने गरेको पीठद्वारा सञ्चालित कालिका संस्कृत विद्यापीठका प्राचार्य रघुनाथ रिजालले जानकारी दिए ।

## पर्यटकको रोजाइमा फुङ्फुङ्गे झरना

झापा(प्रस)। ताप्लेजुङको मिक्वाखोला गाउँपालिका क्षेत्रमा रहेको फुङ्फुङ्गे झरना पर्यटकको रोजाइमा पर्दै गएको छ । पछिल्लो समयका यातायातको सहज पहुँच पुग्न थालेसँगै पर्यटकहरूको गतिविधि बढ्न थालेको हो ।

पहराको काँपबाट झर्ने पानीको छाँगाले जोकोहीलाई मोहित पार्छ । झरना हेर्नका लागि देशका विभिन्न क्षेत्रबाट मानिस आउन थालेको स्थानीय तथा घरवास (होमस्टे) सञ्चालक विजय लिम्बूले बताए । उनका अनुसार फुङ्फुङ्गे झरनालाई प्रचारप्रसार गर्नका लागि मिक्वाखोला गाउँपालिकासँगको सहकार्यमा गत वर्षदेखि फुङ्फुङ्गे झरना महोत्सवको आयोजना गर्दै आएको छ । आगामी दिनमा झरनाको अझ प्रभावकारी प्रचारप्रसार गर्नका लागि विभिन्न सामाजिक सञ्जालमार्फत भिडियो, फोटो प्रतियोगितासमेत गर्ने योजना रहेको छ ।

यतिबेला स्वच्छ, सफा र आकर्षक झरनाले पर्यटकलाई आकर्षित गराएको छ । पछिल्लो समय प्रचार-प्रसारसँगै फेसबुक, टिकटक, युट्युवजस्ता सामाजिक सञ्जालमा फुङ्फुङ्गे झरनासम्बन्धी तस्बिर तथा भिडियो पोष्ट हुन थालेपछि पर्यटक अझ आकर्षित भएका छन् ।

सरकारले १०० पर्यटकीय गन्तव्यमा सूचीकृत गरेको फुङ्फुङ्गे झरनालाई जिल्लाको एक प्रमुख पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न निरन्तर पहल भइरहेका छन् । संघ, प्रदेश र स्थानीय सरकारले पर्यटन प्रवर्द्धनको योजनाअन्तर्गत विभिन्न संरचनासमेत निर्माणले पर्यटकको थप आकर्षण बढ्दै गएको झरनामा भ्रमण गर्न आएका सिरिजङ्घा गाउँपालिकाका कुमार माबोले जानकारी दिए ।

झरनाको सौन्दर्यीकरणका रूपमा पदमार्गको स्तरोन्नति, विश्रामालय निर्माणजस्ता क्रियाकलापले पर्यटकको उपस्थितिका लागि सहयोग पुगेको छ । अझ सडक मार्गमार्फत नै सदरमुकाम फुङ्लिङदेखि फुङ्फुङ्गे झरनास्थलसम्म पर्यटकको यात्रा सहज भएको छ । संघीय सरकारबाट झरनाको सौन्दर्यीकरण योजनामा रु एक करोड बजेटसमेत खर्च भएको छ ।



झरनाबाट झरेको पानीको बाफमा नुहाउनेस्थल बनाएमा अझ राम्रो हुने आन्तरिक पर्यटक तथा सिरिजङ्घा गाउँपालिकाका स्थानीय खेलप्रसाद बुढाक्षेत्री (पराग)को भनाइ छ । यस क्षेत्रमा भ्रमण गर्न आउने पर्यटकलाई स्थानीय उत्पादनका परिकारको स्वाद दिन सकेमा स्थानीय उत्पादनको बजारीकरणसँगै स्थानीयवासीले राम्रो आम्दानी लिनसक्ने बुढाक्षेत्रीले बताए ।

# अन्नपूर्णका दुई सय ३८ परिवारलाई खानेपानीको सुविधा

झापा(प्रस) । टेम्केमैयुङ गाउँपालिका-३ अन्नपूर्णका दुई सय ३८ परिवारको पिउने पानी समस्या समाधान भएको छ । कादुरी एग्रिकल्चर एड एसोसिएसन ब्रिटिस गोर्खाजले निर्माण गरेको अन्नपूर्ण-वाखाङ-बाहुनगाउँ खानेपानी आयोजनाले त्यहाँको वर्षौंदेखिको समस्याको अन्त्य भएको हो ।



छवटा मुहानको पानी सङ्कलन गरेर बस्तीभरिका घरघरमा पुर्याइएको छ । आयोजनामा २६ हजार ९५ मिटर पाइप लाइन, १५ वटा सङ्कलन ट्याङ्की र नौवटा वितरण ट्यांकी निर्माण गरिएको जनाइएको छ । खानेपानी आयोजना सम्पन्न भएर घरघरमा पानी आउन थालेपछि दैनिक जीवन सहज बनेको स्थानीय राजबहादुर राईले बताए ।

आयोजनामा मूल्य अभिवृद्धि करसहित कुल रु दुई करोड १२ लाख एक हजार २१२ लागत लागेको वडाध्यक्ष पूर्णप्रसाद राईले जानकारी दिए । आयोजनामा रु ५२ लाख ६३ हजारबराबरको श्रमदान पनि गरिएको छ ।

गाउँपालिका उपाध्यक्ष रमादेवी राईले योजना सम्पन्न भएपछि त्यहाँका बासिन्दाको पुरानो समस्या अन्त्य भएको बताइन् । उनका अनुसार गाउँपालिकामा धेरै आवश्यकता भए पनि आन्तरिक स्रोत सीमित हुँदा सबै योजनालाई एकैपटक सम्बोधन गर्न कठिनाइ हुँदै आएको छ ।

गाउँपालिका अध्यक्ष सरोज बस्नेतले स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि तथा सडक पूर्वाधारमा प्राथमिकता निर्धारण गरेर योजनाबद्ध रूपमा काम भइरहेको बताए । भौगोलिक विकटताका कारण कतिपय ठाउँमा काम गर्न चुनौती रहेको अध्यक्ष बस्नेतले जानकारी दिए ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पश्चिमः श्री पार्वती अधिकारी, दक्षिण : श्री पवन अग्रवालको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री अवि शिवाकोटीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९०१ १६० | ३०८६ | १७३.८४ | २०८२/०५/११ | २०८२/०५/११ | २०८२/०७/२४ |



**निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना**

कोशी प्रदेश,झापा जिल्ला,मेचीनगर नगरपालिका वार्ड नं.-१३ मा बस्ने श्री माया देबी न्यौपानेकी छोरी श्री विन्दूकला न्यौपानेको मिति वि.सं.२०८२/०४/१४ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय चारआलीमा रहेको वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका आमा माया देबी न्यौपानेले मिति वि.सं.२०८२/०८/०२ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# बालाचतुर्दशीको महत्व

**यस वर्षको बालाचतुर्दशी पर्व मंसिर ३ गते (आज) बुधबार परेको छ। यो चतुर्दशी खासगरी अघिल्लो दिन त्रयोदशीका दिन बेलुकी शिवालयमा पितृको नाममा दीपदान गरिने, भोलिपल्ट देवालय, शिवालयमा शतबीज छर्ने पर्वका रूपमा हेरिने चलन हामीकहाँ पुरानै हो। यी दिनमा काठमाडौँको पशुपति, गौरीघाट, किराँतेश्वर, मृगस्थली, झापाको अर्जुनधारा, सताक्षीधाम , विराटपोखरी, कृष्णथुम्कीलगायतका धार्मिक क्षेत्रमा भक्तजनको ठूलो भीड लाग्ने गर्छ।**

**पशुपति क्षेत्रको मृगस्थलीमा परिभ्रमण गर्दै शतबीज छर्नाले प्रत्येक दानामा एक रति सुवर्णदान सरह हुने, दिवङ्गत पितृले संसारमा भड्किनु नपर्ने, पशुपति, गुह्येश्वरीको दर्शनका साथै वासुकी नागको पूजा एवं दर्शन गर्नुपर्ने र यसो गर्नाले समस्त लोककै कल्याण हुन्छ।**

**दिवङ्गत पितृ उद्धार हेतु पाशुपत क्षेत्रमा गरिने धेरै कार्यमध्ये शतबीज रोपण अर्थात् शतबीज छर्ने काम पनि एक प्रमुख हो। त्यसो त शतबीज छर्नुअघि राति पितृ उद्धार हेतु दीप प्रज्वलन गर्ने, महादीप बाल्ने चलन छ, दिव्य लोकमा पितृको बास र उज्यालो होस् भनेर। साँच्चै चारै दिशाका भक्तजनको ओइरो नै लाग्ने गर्छ यहाँ। त्यसो त पशुपति आउन नसक्नेहरूले सिन्धुली जिल्लाको कुशेश्वर मन्दिरदेखि काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, मकवानपुर, ललितपुर, भक्तपुरलगायत १० विभिन्न जिल्लामा रहेका ६४ शिव ज्योतिर्लिङ्ग वा अन्यान्य शिवालय, देवालय तथा शक्तिपीठमा पितृका नाममा बत्ती बाल्ने, जाग्राम बस्ने भोलिपल्ट बत्ती सेलाएर शतबीज छर्ने गरिन्छ। पुनर्जन्ममा विश्वास राख्ने पूर्वीय धर्म, संस्कृति प्राचीन, अर्वाचीन छ। संसारको उदयदेखि नै आरम्भ भएको हिन्दु संस्कृति र सभ्यताले दिवङ्गत पितृहरूको अक्षय पुण्य प्राप्त गराउने विशेष पर्वअन्तर्गत बालाचतुर्दशी पनि एक हो।**

**शतबीजको एक दाना एक रति सुन बराबरको पुण्य हुने हुनाले सद्धीका बीजको अनगन्ती पुण्य हुने कुरा धर्मशास्त्रमा उल्लेख भएको पाइन्छ। शिवजीले मृग रूप लिएर यसै मृगस्थलीमा भ्रमण गरेकाले यहाँको नाम मृगस्थली रहेको र बालाचतुर्दशीकै दिन शिवले एकसिङ्गे मृग रूप लिएकाले यस दिन मृगस्थलीमा पुग्ने र शतबीज छर्नेहरू जो कोही पनि दीर्घजीवी हुने गर्छन्।**




# प्रवासी नेपालीलाई मताधिकार बहस



• डा.झमकुमार विश्वकर्मा

आगामी फागुन २१ गते संघीय संसद्को निर्वाचन गर्नु मौजुदा अन्तरिम सरकारको कर्तव्य र दायित्व दुवै हो । कात्तिक महिना बितिसक्दा पनि निर्वाचनबारे अनेक अड्कलबाजी भइरहेका छन् । सरकारले तोकिएकै मितिमा निर्वाचन गराउने भनिरहेको छ । राजनीतिक दल भने चुनावबारे विश्वस्त हुन सकिरहेका छैनन् । निर्वाचनका मुख्य सरोकारवाला भनेका राजनीतिक दल र मतदाता नै हुन् ।

निर्वाचनको मिति तोकिएकै दिनदेखि पुनः बहसमा आएको विषय हो, विदेशमा बस्ने नेपालीलाई दिइने मताधिकार । नेपालको राजनीतिमा यो कुनै नौलो विषय भने होइन । हरेक निर्वाचनका क्रममा उठ्ने गरेको पुरानै विषय हो । यस पटक फरक किसिमको राजनीतिक वातावरण भएकाले राजनीतिक खपतका लागि अलि बढी चर्चा हुनु स्वाभाविकै हो, सबैको ध्यानाकृष्ट हुनु पनि स्वाभाविकै हो ।

विदेशमा बस्ने नेपालीलाई मताधिकार दिने विषयमा तत्कालका लागि व्यावहारिक रूपले सम्भव होस् वा नहोस् तर पनि राजनीतिक मुद्दा बनेको छ । त्यसमा पनि अहिलेको सरकारका सामु सम्भव भए/नभए पनि यो विषयलाई हरसम्भव प्रयास गर्छौं वा सम्भव बनाउँछौँ भन्नु बाध्यता र विवशता दुवै बनेको छ, जसको पृष्ठभूमितिर जान आवश्यक छैन । यो विषय कानुनी र व्यावहारिक दुवै हिसाबले तत्कालका लागि सम्भावना न्यून छ । आश्वासन बाँड्नु नेपाली राजनीतिको धर्म नै हो । अलि गम्भीर र इमानदारपूर्वक सोच्ने हो भने विदेशमा बस्ने नेपालीलाई मताधिकार दिने विषयलाई मूलतः तीन वटा पक्षबाट हेर्नुपर्ने हुन्छ, राजनीतिक, कानुनी र व्यावहारिक ।

**राजनीतिक पक्ष**

यतिबेला मुलुकको आन्तरिक राजनीति र सरकारको पृष्ठभूमिबारे टिप्पणी गरिरहनु आवश्यक छैन । यो विषयमा हामी सबै परिचित छौँ । विदेशमा बस्ने नेपालीलाई मताधिकार दिने वा मतदानमा उनीहरूलाई सहभागी बनाउने विषय सुन्दा आकर्षक, भावनात्मक, क्रान्तिकारी, उदार र न्यायपूर्ण जस्तो लागे पनि यो विशुद्ध रूपमा राजनीतिक मुद्दा हो, राजनीतिक क्रियाकलाप हो । यसलाई भावनात्मकभन्दा पनि राजनीतिक रूपमै बुझ्न आवश्यक हुन्छ । निर्वाचनमा मतदान केवल अधिकारको विषय मात्रै होइन, यो संवेदनशील उत्तरदायित्व पनि हो । अर्थात्, हामीले अँगालेको संसदीय व्यवस्थामा राजनीतिक दल र तिनले उठाएका उम्मेदवारलाई मत दिएर वैधानिक रूपमा मुलुकको आफैँमाथि शासन गर्ने सत्ता हस्तान्तरण गर्ने गहन उत्तरदायित्व हो । दलको घोषणापत्र कस्तो छ, उम्मेदवार को हो, उसको पृष्ठभूमि के हो, काम गर्ने ल्याकत कति छ भन्ने जस्ता विषय मतदाताका लागि महत्वपूर्ण हुन्छन् । नामै नसुनेको, योग्यता र योगदान के र कति हो भन्ने थाह नै नभएको र पृष्ठभूमि नै थाहा नभएको व्यक्तिलाई सामाजिक सञ्जालले हाहाहुहु गरेर नायक बनाइदिन सक्ने अवस्था छ । कसैको स्वार्थमा सामाजिक सञ्जालको बढ्दो प्रभावले रातारात देवत्वकरण वा दानवीकरण गर्न सक्ने अवस्था छ । सामाजिक सञ्जालबाट सही सूचना मात्रै प्रवाह हुँदैन । गलत किसिमका सन्देशको प्रवाहले उम्मेदवारको असली रूप जाँच्न कठिन हुने भएकाले प्रवासीलाई मताधिकार दिने विषय पनि संवेदनशील बन्न पुगेको छ ।

राज्यसत्ता सञ्चालन गर्ने मुख्य आधारका रूपमा रहेको निर्वाचनलाई भावनात्मक रूपमा मात्रै लिनुहुन्न । नेपाल भूराजनीतिको प्रभाव र वैदेशिक चासोबाट मुक्त छैन । विदेशमा बस्ने नेपालीलाई मताधिकार दिने विषयमा बहस गरिरहँदा हामीले हाम्रो मुलुकको खुला सिमाना र छिमेकी देशसँगको, धार्मिक, सामाजिक, सांस्कृतिक तथा पारिवारिक सम्बन्धलाई बेवास्ता गर्नुहुन्न । मताधिकार दिने हो भने कुनै देश विशेषमा बस्ने नेपालीलाई मताधिकारबाट वञ्चित गर्नु न्यायपूर्ण हुँदैन । भारतमा बस्ने नेपालीले पनि मताधिकार पाउनु पर्छ र सम्भवतः सबैभन्दा धेरै नेपाली भारतमै छन् । विदेशमा बस्ने नेपालीलाई भावनामा बहकिएर सहजै मताधिकार दिने हो भने मताधिकारको उपयोगभन्दा पनि दुरुपयोग हुने र त्यसले नेपालमा अर्कै किसिमको सङ्कट निम्त्याउन सक्छ भन्ने तर्फ संवेदनशील हुन आवश्यक छ । सबै किसिमका सम्बन्ध र खुला सिमाना भएको भारतमा कति नेपाली छन्, कति जनासँग नेपाली नागरिकता छ भन्ने यथार्थ हिसाबकिताब राज्यसँग छैन । देशको शासन सत्तामै दीर्घकालीन प्रभाव र असर पार्ने यति महत्वपूर्ण विषयमा निर्णय गर्नुपूर्व सम्भावित जोखिम के के हुन सक्छन् भन्नेतर्फ ठन्डा दिमागले सोच्न आवश्यक छ ।

**कानुनी पक्ष**

निर्वाचन र मताधिकारको सन्दर्भमा कानुन आकर्षित हुन्छ नै । विदेशमा बस्ने नेपालीलाई मताधिकार दिने विषय राजनीतिक मुद्दाका रूपमा उठान गर्न जति सजिलो छ, तत्कालका लागि कानुनी पक्ष त्यतिकै झन्झटिलो छ, असहज छ । सरकारले विदेशमा बस्ने नेपालीलाई मताधिकार दिने उद्देश्यले अध्यादेशमार्फत केही ऐन संशोधन गर्न पहल गरिरहेको देखिन्छ, जसका लागि निर्वाचन आयोगसँग सुझाव पनि मागिसकेको छ । मूलतः निर्वाचन आयोग ऐन, २०७३, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४, मतदाता नामावली ऐन, २०७३, निर्वाचन कसुर तथा सजाय ऐन, २०७३ मा संशोधन गर्ने तयारी गरिरहेको छ । विदेशमा बस्ने नेपालीलाई मताधिकार दिने विषयको गाँठो यी चार वटा ऐनको संशोधनले मात्रै फुकाउँदैन, अन्य कानुनी अस्पष्टता र अड्चन पनि छन् ।

**थप कानुनी अड्चन**

पहिलो, संवैधानिक व्यवस्था । प्रतिनिधि सभा गठनसम्बन्धी संविधानको धारा ८४ को उपधारा ५ मा भएको व्यवस्थाले विदेशमा बस्ने नेपाली मात्रै होइन स्वदेशमै बस्ने नेपालीलाई पनि आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर गएर मतदान गर्न त्यति सजिलै दिँदैन । उपधारा ५ मा 'अठार वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई संघीय कानुनबमोजिम कुनै एक निर्वाचन क्षेत्रमा मतदान गर्ने अधिकार हुने छ' भनिएको छ । कुनै पनि मतदाताले संविधानतः कुनै एक निर्वाचन क्षेत्रबाट मात्रै मतदान गर्न पाउँछन् । यस्तो अवस्थामा विदेशमा बस्ने नेपालीको निर्वाचन क्षेत्र कुन हो ? उनीहरूका लागि कुनै एउटा निर्वाचन क्षेत्र तोक्न मिल्छ वा मिल्दैन ? सम्भव छ वा छैन ? नागरिकता जारी भएको जिल्ला अनुसार मतदान गर्ने व्यवस्था मिलाउन सकिन्छ वा सकिन्न ? विदेशमा बस्ने नेपालीलाई मताधिकार दिनुपूर्व संविधानतः धेरै प्रश्नको सम्बोधन गर्नुपर्ने हुन्छ ।

यो संवैधानिक अड्चन त्यति सहजै फुक्दैन । संविधान यथास्थितिमा संशोधन हुन सक्दैन । संविधान संशोधन गर्न संसद् चाहिन्छ, संसद्को दुई तिहाइ बहुमत चाहिन्छ । संसद् हामीले कसैको सल्लाहमा, स्वार्थमा, हाहाहुहुमै विघटन गरिसकेका छौँ । जहाँसम्म अनलाइनबाट मतदानको गर्ने सवाल छ, सरकारी बेवसाइट ह्याकिङ भइरहने कमजोर साइबर सुरक्षा प्रणाली भएको देश नेपालमा अनलाइनबाट मतदान गर्ने व्यवस्था साइबर सुक्षाका दृष्टिकोणले जोखिमपूर्ण हुन्छ, त्यो गर्नै हुन्न ।

दोस्रो, गैरआवासीय नेपालीसम्बन्धी ऐन, २०६४ । यो ऐनले 'गैरआवासीय नेपाली नागरिक' र 'विदेशमा बस्ने नेपाली नागरिक' दुवैलाई परिभाषित गरेको छ । ऐनको दफा २ को (ग) मा 'विदेशमा बस्ने नेपाली नागरिक' भन्नले सार्कको सदस्य मुलुकमा बसोबास गरेको, नेपाल सरकारबाट खटिई विदेशस्थित कूटनीतिक नियोग वा महावाणिज्य दूतावासमा बहाल रहेको र विदेशस्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिकबाहेक कुनै पेसा, व्यवसाय र रोजगारी गरी विदेशी मुलुकमा कम्तीमा दुई वर्ष बसोबास गरेको नेपाली नागरिक सम्झनु पर्छ भनिएको छ । यो ऐनले भारत, भुटान, बङ्गलादेश, पाकिस्तान, अफगानिस्थान, श्रीलङ्का र माल्दिभ्समा बस्ने नेपाली नागरिक तथा विदेशी शैक्षिक संस्थामा अध्ययन गर्ने नेपाली विद्यार्थीलाई विदेशमा बस्ने नेपाली नागरिक मान्दैन । यहाँ स्वाभाविकै रूपमा प्रश्न उठ्छ कि गैरआवासीय नेपालीसम्बन्धी ऐन, २०६४ मा भएको व्यवस्था अनुसार सार्कका सदस्य राष्ट्रमा बसोबास गर्ने तथा विदेशी शैक्षिक संस्थामा अध्ययन गर्ने नेपाली विद्यार्थीले मतदान गर्न पाउने कि नपाउने ? विदेशमा गएर बसोबास गरेको कम्तीमा पनि दुई वर्ष पुगेको रहेनछ भने त्यस्तो नागरिकले मताधिकारको प्रयोग गर्न पाउने कि नपाउने ? विदेशमा बस्ने नेपालीलाई मताधिकार दिने विषयमा बहस गर्दा यो विषय निरूपण हुन जरुरी छ ।

नेपालको नागरिकता नत्यागी विदेशको नागरिकता वा राहदानी लिएका घटना यसअघि नै सार्वजनिक भइसकेको छ । यस्ता घटना अरू पनि नहोलान् भन्न सकिन्न । कतिपय मुलुकले दोहोरो नागरिकता स्वीकार गर्ने हुँदा नेपाली नागरिकता नत्यागेरै पनि सम्बन्धित देशको नागरिकता ग्रहण गर्न सक्छन् । गैरआवासीय नेपालीसम्बन्धी ऐन, २०६४ अनुसार त्यस्तो व्यक्ति स्वतः गैरआवासीय नेपाली नागरिक हो, जसलाई संविधानले राजनीतिक अधिकारबाट वञ्चित गरेको छ । मताधिकारको विषय विशुद्ध रूपमा राजनीतिक अधिकार अन्तर्गत पर्ने भएकाले त्यस्तो व्यक्तिले नेपालको नागरिकता देखाएर मतदाता नामावलीमा दर्ता गराएर मतदान गर्ने सम्भावना रहन्छ कि रहँदैन ? त्यस्तो हुँदैन भन्ने सुनिश्चित कसरी गर्ने ?

यस प्रकारका संवैधानिक तथा कानुनी अड्चनको गाँठो फुकाउन संविधान र ऐनहरू संशोधन गर्नुपर्ने हुन्छ, त्यो पनि राजनीतिक सहमतिका आधारमा । पहिलो, यथास्थितिमा संविधान संशोधन गर्ने ढोका बन्द छ, जसबारे यसअघि नै उल्लेख गरिएको छ । दोस्रो, वर्तमान चुनावी सरकारलाई सर्वोच्च अदालतले अन्तरिम आदेशमार्फत दीर्घकालीन असर पर्ने काम गर्न रोक लगाएको अवस्था छ । विदेशमा बस्ने नेपालीलाई मताधिकार दिने उद्देश्यसहित ऐन संशोधन गर्ने कार्य निःसन्देह रूपमा दीर्घकालीन असर गर्ने विषय हो । अतः अध्यादेशमार्फत ऐन संशोधन गर्ने विषय सर्वोच्चको आदेशविपरीत हुन्छ कि हुँदैन ? 'नाइ मलाई त्यही केटी चाहिन्छ' भन्ने शैलीमा कसैले भन्यो भन्दैमा संविधानविपरीतका गतिविधि गर्ने छुट कसैलाई पनि हुन्न । संविधानभन्दा माथि कोही पनि हुन्न । भगवान् र पशु मात्रै संविधानभन्दा बाहिर हुन्छन् । संविधानवाद ठट्टा गर्ने विषय होइन ।

**व्यावहारिक पक्ष**

विदेशमा बस्ने नेपाली नागरिकलाई मताधिकार दिने विषय भन्न जति सजिलो छ, कार्यान्वयन गर्न त्यति नै कठिन छ । सबै कानुनी अड्चन फुकाएरै मताधिकार प्रदान गर्ने हो भने पनि व्यवस्थापकीय पक्ष सहज छैन । मताधिकार प्रदान गर्ने भइसकेपछि सबै मुलुकमा बस्ने नेपालीले मतदान गर्न पाउने सुनिश्चित हुनु पर्छ । कुनै देशमा बस्नेले पाउने कनै देशमा बस्नेले नपाउने गर्नेतिर लागियो भने त्यो न्यायपूर्ण हुन्न र अर्को विवाद जन्माउँछ । नेपालभित्रै बसोबास गर्ने नागरिकले आफू कार्यरत रहेको अन्य ठाउँबाट पनि मतदान गर्न पाउने व्यवस्था गर्न नसकिरहेको अवस्थामा नेपाली नागरिक बसोबास गर्ने सबै मुलुकमा नामावली दर्ता गर्ने, सम्भावित बदमासी भएको छैन भन्ने सुनिश्चितसहित प्रमाणीकरण गर्ने, मतपत्र र मतपेटिका पुऱ्याउने, आवश्यक जनशक्तिको व्यवस्थापन गर्नेलगायतका क्रियाकलाप बाँकी चार महिनाको अवधिमा सम्भवै छैन । पाँच वर्षका लागि नवीकरण गरिएको सवारीचालक अनुमतिपत्रको वैध अवधि समाप्त भइसक्दा पनि कार्ड छापेर वितरण गर्न नसक्ने हाम्रो हविगत छ । त्यसैले यो विषयमा धेरै महत्वाकाङ्क्षी हुँदा त्यसले अर्को निराशा पैदा गर्छ ।

विदेशमा बस्ने नेपालीलाई मताधिकार दिने सन्दर्भमा विभिन्न देशका अभ्यासको पनि चर्चा हुने गरेको छ । जसजसले आफ्ना प्रवासी नागरिकलाई मताधिकार दिएका छन्, उनीहरूले आफ्नो मुलुकको क्षमता, आवश्यकता र हित हेरेर कुनै एउटा मोडेल अपनाएका हुन्छन् । यसैबिच विदेशमा बस्ने नेपालीका लागि निश्चित सिट तोक्ने मोडेल पनि चर्चा हुने गरेको छ । यो मोडेल भनेको नेपालमा राज्य पुनर्संरचनाको सिलसिलामा गैरभौगोलिक राज्यको विषयमा भएको बहस जस्तै हो, जसले नेपालको राजनीतिमा अर्को विवाद जन्माउने छ ।

मुलुक अहिले राजनीतिक रूपमा तरल र संवेदनशील अवस्थामा छ । सरकार चुनावी अन्तरिम सरकार हो, जसलाई विशुद्ध रूपमा चुनाव गराउने कार्यादेश प्राप्त छ । तोकिएको कार्यादेशभन्दा बाहिर नजानु भनेर सर्वोच्च अदालतले नै कानुनी सीमा निर्धारण गरिसकेको छ । सरकारले तोकिएकै समयमा निर्वाचन गराउन सकेन भने सरकारकै वैधानिकताको विषय कानुनी कठघरामा परीक्षण हुन सक्छ । मुलुक संविधानवादभन्दा बाहिरबाट चलाउन थालियो भने त्यसले अराजकतालाई प्रश्रय दिन्छ । निर्वाचन तथा मतदान गर्ने विषय राजनीतिक र दीर्घकालीन महत्वको विषय पनि हो । मताधिकारको क्षेत्र नै विस्तार गर्ने गरी संविधान संशोधन मात्रै होइन अध्यादेशमार्फत ऐन संशोधन गर्न पनि पाउने कि नपाउने भन्ने कानुनी विषय यथावत् छ । यस्तो अवस्थामा विदेशमा बस्ने नेपालीलाई प्रदान गरिने मताधिकारको विषयलाई राजनीतिक अस्त्रका रूपमा प्रचार मात्रै गर्नु हरेक दृष्टिकोणले उपयुक्त हुन्न । यथास्थितिमा असम्भव देखिएको विषयमा आश्वासन बाँड्नभन्दा यो यो कारणले सकिन्न भन्नेतर्फ लाग्नु नै बुद्धिमता हुन्छ । अन्यथा, पूरा नहुने आश्वासनले अर्को निराशा र सङ्कट थप्न सक्छ ।

# सुशासनको आधारस्तम्भ



• रिता भण्डारी

जेनजी आन्दोलनपछि नेपालको राजनीतिक तथा प्रशासनिक संरचनामा देखिएको असन्तोष केवल भावनात्मक प्रतिक्रिया थिएन; यो दशकौँदेखि चलिआएको कमजोर शासन सञ्चालनविरुद्ध जनताको ठोस प्रतिरोध थियो । नेपालको प्रशासनिक प्रणाली अझै कागज, मौखिक निर्देशन र अस्पष्ट निर्णय प्रक्रियामा आधारित हुँदा नागरिक र विशेषतः डिजिटल पुस्ताको विश्वास कमजोर हुँदै गएको छ । आधुनिक सार्वजनिक प्रशासनको मूल आधार पारदर्शिता, जवाफदेहिता र प्रमाणमा आधारित निर्णय हो, जुन डेटा व्यवस्थापनबिना सम्भव छैन । नेपालले पछिल्ला वर्षमा सूचना प्रविधिको पहुँच विस्तार गरेको भए पनि सरकारी संरचना अझै विखण्डित, असमन्वित र कम डेटामैत्री छ । मन्त्रालय तथा सरकारी कार्यालयबिच डेटा आदानप्रदान हुने व्यवस्था पूर्ण रूपमा विकसित छैन । विभिन्न निकायमा छुट्टाछुट्टै सूचना प्रणाली सञ्चालन हुँदा एउटै विवरण नागरिकले पटक पटक दिनुपर्ने बाध्यता कायम छ । यस्तो अव्यवस्थित संरचनाले भ्रष्टाचार, ढिलासुस्ती, अनियमितता र अस्पष्ट निर्णयलाई अझ बलियो बनाइदिएको छ ।

अन्तर्राष्ट्रिय अभ्यासले स्पष्ट देखाएका छन् कि सरकारी संरचना डिजिटल र डेटाचालित भएपछि सेवा प्रवाहमा गुणात्मक सुधार आउँछ । एस्टोनिया जस्तो सानो राष्ट्रले 'एक पटक मात्र विवरण' सिद्धान्त लागु गरी सरकारी निकायलाई साझा डिजिटल प्लेटफर्ममा जोड्यो । यसले सेवा छिटो, पारदर्शी र निरन्तर सुधारयोग्य बनायो । भारतको 'डिजिटल इन्डिया' अभियानले सरकारी सेवामा खुलापन, कार्यक्षमता र नागरिक पहुँचलाई व्यापक बनाएको छ । खुला डेटा पोर्टलमार्फत जनताले बजेट, परियोजना स्थिति, ठेक्का प्रक्रिया र अन्य धेरै विवरण सहजै हेर्न सक्ने भएका छन् । केन्याको डिजिटल पहिचान कार्यक्रमले देखाएको असफलता भने नेपालका लागि ठुलो चेतावनी हो । डेटा सुरक्षा र गोपनीयता संरक्षणलाई सुदृढ नगरी डिजिटल परिवर्तन सफल हुँदैन । नेपालका वर्तमान संरचनामा केही मुख्य कमजोरी छन् । पहिलो, डेटा आर्किटेक्चरमा एकरूपता छैन । आरोग्य, नागरिक एप, सोसियल सेक्युरिटी फन्ड, इप्रोक्युरमेन्ट, इएटेन्डेन्स जस्ता प्रणाली छुट्टाछुट्टै विकास भएका छन् तर ती एकअर्कासँग समन्वित छैनन् ।

दोस्रो, सार्वजनिक खर्च, ठेक्का प्रक्रिया, राहत वितरण, कर्मचारी व्यवस्थापनमा आवश्यक डेटा समयमै सार्वजनिक हुँदैन, जसले भ्रष्टाचारको जोखिम बढाउँछ । तेस्रो, सरकारी कर्मचारीमा डेटा साक्षरता कमजोर हुँदा निर्णय तथ्य होइन, अनुमान र परम्परागत शैलीमा सीमित रहन्छ । चौथो, सङ्कट व्यवस्थापनमा वास्तविक समय तथ्याङ्क नहुँदा महामारी, बाढी, भूकम्प जस्ता घटनामा प्रतिक्रियात्मकभन्दा पनि अव्यवस्थित निर्णय भइरहेका छन् ।

अब नेपालले सुशासन सुधारका लागि निम्न कदमलाई प्राथमिकतामा राख्न आवश्यक छ । पहिलो, राष्ट्रिय डेटा शासन नीति पुनर्लेखन गर्दै संघ, प्रदेश र स्थानीय तहलाई एउटै डेटा मानक अन्तर्गत ल्याउनुपर्ने छ । दोस्रो, सबै सरकारी कार्यालयमा इअफिस अनिवार्य लागु गरी फाइल प्रवाह, निर्णय प्रक्रिया र कार्यान्वयन स्थिति सार्वजनिक रूपमा अनलाइन उपलब्ध गराउनु पर्छ । तेस्रो, नागरिक विवरण 'एक पटक मात्र' सङ्कलन गर्ने प्रणाली विकास गरी सबै सेवामा सुरक्षित रूपमा प्रयोग गर्नु पर्छ । चौथो, खुला डेटा पोर्टललाई सक्रिय बनाउँदै बजेट, ठेक्का, परियोजना, राहत वितरणसम्बन्धी तथ्याङ्क सार्वजनिक गर्ने कानुनी दायित्व कडाइका साथ कार्यान्वयन गर्नु पर्छ राष्ट्रिय डेटा शासन नीति पुनर्लेखन गर्दै संघ, प्रदेश र स्थानीय तहलाई एउटै डेटा मानक अन्तर्गत ल्याउनुपर्ने छ ।सबै सरकारी कार्यालयमा इअफिस अनिवार्य लागु गरी फाइल प्रवाह, निर्णय प्रक्रिया र कार्यान्वयन स्थिति सार्वजनिक रूपमा अनलाइन उपलब्ध गराउनु पर्छ ।नागरिक विवरण 'एक पटक मात्र' सङ्कलन गर्ने प्रणाली विकास गरी सबै सेवामा सुरक्षित रूपमा प्रयोग गर्नु पर्छ । खुला डेटा पोर्टललाई सक्रिय बनाउँदै बजेट, ठेक्का, परियोजना, राहत वितरणसम्बन्धी तथ्याङ्क सार्वजनिक गर्ने कानुनी दायित्व कडाइका साथ कार्यान्वयन गर्नु पर्छ ।

। पाँचौँ, कर्मचारीको डेटा साक्षरता, विश्लेषण क्षमता र डिजिटल प्रशासनसम्बन्धी सिप विकासमा लगानी बढाउनु पर्छ । छैटौँ, सूचना सुरक्षाका लागि स्वायत्त डेटा संरक्षण प्राधिकरण गठन गरी नागरिक गोपनीयताको उच्चतम सुरक्षा सुनिश्चित गर्नु पर्छ । युवापुस्ताले अब सेवा, निर्णय र सरकारी कार्यशैलीलाई तथ्यका आधारमा हेर्न चाहन्छ । उनीहरूले गति, पारदर्शिता र जवाफदेहितामा आधारित शासन अपेक्षा गर्छन् । डिजिटल पुस्ताको युगमा राज्यले ढिलाइ गर्नुपर्ने कुनै कारण छैन । विश्वका धेरै परिपक्व प्रशासनिक मोडेलले देखाइसकेका छन् । डेटाचालित निर्णयले केवल सेवा सुधार गर्दैन, नागरिकको विश्वास पनि बलियो बनाउँछ । नेपाल जस्तो विकासशील राष्ट्रका

❖ बाँकी तेस्रो पृष्ठमा

# शतबिज रोपण र बालाचतुर्दशी

• रमेश नेपाल

हिन्दु धर्मावलम्वीहरुको प्रमुख चाडपर्वमध्ये बाला चतुर्दशी पनि एक हो । प्रत्येक वर्ष मंसिर कृष्ण चतुर्दशीका तिथिमा यो पर्व मनाईन्छ । यस वर्षको पर्व मंसिर ३ गते मंगलबारको दिन परेको छ । यसरी बाला चतुर्दशीका दिनमा शतबिज छर्नु यो पर्वको मौलिक स्वरुप पनि हो । नेपालका शिव मन्दिर रहेका क्षेत्रमा शतबिज छर्नेहरुको ज्यादै घुइँचो लाग्ने गर्दछ । यसर्थ पशुपतिनाथ लगायत देशभरिका शिव मन्दिरमा त यस दिन खुट्टा राख्न पनि मुश्किल हुने गरी भीड लाग्छ । यसै क्षेत्रमा रहेको मृगस्थली बनमा हजारौं मानिसहरुले शतबिज रोपण गर्ने गरेका छन् । हाम्रो संस्कृति गाथामा एउटा भनाई छ "स्वधर्मे निधनं श्रेय : परधर्मो भयावह ।" यसैले न हो वास्तविक विश्व विजेताहरु साम्राज्य बिजय हेरी साँस्कृतिक विजयलाई बढ्ता महत्व दिइन्छ । तसर्थ नेपाली समाजमा वर्षभरिमा विभिन्न चाडपर्वहरु मनाइन्छन् । अतः धर्म र संस्कृतिको बाहुल्यता रहेको हाम्रो समाजमा, धार्मिक आस्था अनुसार मनाइने यस्ता चाडपर्वमा बाला चतुर्दशीको पनि आफ्नौ किसिमको महत्व बोकेको छ ।

बाला चतुर्दशीको पशुपतिनाथसँग रहेको कुरालाई हिमवत्खण्ड, नेपाल माहात्म्य तथा शिवपुराणहरुले वर्णन गरेका छन् । हिमवत्खण्डको बयालीस अध्यायमा यस पर्वको उत्पत्ति परम्पराको बारेमा के बताइएको छ भने मृगरुप लिएर भगवान् शिवले जहाँजहाँ घुम्नुभयो, खानुभयो, सुत्नुभयो, हिंड्नुभयो, बिहार गर्नुभयो त्यो पुण्यक्षेत्र भएकाले त्यहाँ सप्तधान्य (शतबिज) छर्दा प्राणी मात्रको जीवनयापनको लागि चाहिने अन्य दान गर्ने मानव जातिले छरेको एक गेडा अन्न बराबर एक तोला सुनदान गरेको पुण्य मिल्ने धार्मिक विश्वास रहँदै आएको छ । शतबिज त्यस वर्ष दिवंगत भएका आफन्तको चीर शान्ति, मंगल र पुण्यको कामना गरी बन क्षेत्रमा छर्ने चलन छ । यो लगातार तीन वर्षसम्म छर्ने र तीन वर्षमा चर्तुष्ठी गरी होम गर्ने चलन नेपाली समाजमा अद्यावधिक रहँदै आएको छ ।

शतबिज छर्ने पर्वको परम्परा कहिलेबाट बस्यो भन्ने जनश्रुतिअनुसार कैलाशबाट भगवान् शिव श्लेष्मान्तक बनमा आई अत्यन्त आकर्षक मृगरुप धारण गरी बषौ वर्ष बितेको पत्तै भएन । माता पार्वतीलगायत समस्त देवीदेवताहरुलाई ज्यादै पिर पार्यो । भोलेबाबा कहाँ हुनुहुन्छ भनी दिव्य दृष्टिले हेर्दा त भगवान् मृगरुप धारण गरी पशुपति क्षेत्रमा बन विहार गरी रहनुभएको देवी पार्वतीले थाहा पाउनुभयो । शिवरुपी मृगलाई चिन्न र आकर्षित गर्न माता पार्वतीले थाहा पाउनुभयो , शिवरुपी मृगलाई चिन्न र आकर्षित गर्न माता पार्वतीले विभिन्न किसिमको वीज छर्नुभयो । केही हप्तापछि छरिएका बीउहरु उम्रिएर हरियो घाँस भएपछि घाँस देखेर मृगहरु लोभिएर आउन थाले । आएका मृगमध्ये मृगरुपी भोलेबाबालाई चिन्न माता पार्वतीलाई सजिलो भयो । यसरी देवी पार्वतीद्वारा सुरुवात भएको सद्बीज छर्ने प्रथा कालान्तरमा जीवन संस्कृति बन्यो र युग युगसम्म कायम भइराखेको छ, रहिरहने छ ।



प्रत्येक वर्ष शतबिज भन्नाले सय किसिमका चिजका गेडागुडीहरु भन्ने बुझिन्छ । यी शतबिजमा प्रयोग गरिने अन्नहरुमा गहुँ, सरस्यू, मकै, जौ, धान, बयर, अमला र अन्य फलफूल तथा कन्दमूलका टुक्राहरु पर्दछन् । शतबिज छर्न नेपाल अधिराज्यका विभिन्न भागहरु लगायत मित्रराष्ट्र भारतबाट समेत अर्जुनधारा मन्दिरमा घुइँचो लाग्ने गर्दछ । त्रयोदशीका दिन महादीप बाली अर्जुनधारा धाम परिसर र वरपर बस्छन् र भोलिपल्ट बिहान सप्तधान्य छर्दै हिंड्छन् । यस दिन टाढा जान असमर्थ कतिपयले नजिकको तीर्थस्थल मन्दिर, देवालयमा गई शिव प्रार्थना गरी रातभर जाग्राम बस्ने प्रचलन पनि जनसमुदायमा बिद्यमान छ । शतबिज छरिसकेपछि खीर, फलाहार, दही, च्यूरा, पुलाउ इत्यादी मिष्ठान्न पदार्थ भोजन गरी खैजडी, मुजुरा, मादलका साथै शिवलीला, कृष्ण चरित्रसम्बन्धी भजन-कीर्तन गाइने परम्परा नेपाली समाजमा विद्यमान छ ।

यसरी हाम्रो समाजमा दुईथरी विश्वास बोकेका मानिसहरुको शतबिज छर्ने प्रचलन छ । एकथरी अघिल्ला वर्षहरुमा आफ्नो परिवारजनको स्वर्गारोहण हुनेले मात्र मृतात्माको स्मृतिमा शतबिज छर्दैं चीरशान्तिको कामना गर्ने र अर्काथरी पुण्य कमाउने आशा गर्दछन् । सार्वजनिक रुपले शतबिज छर्ने अघिल्लो दिन अर्थात मार्ग कृष्ण त्रयोदशीको दिन भगवान् पशुपतिनाथलाई किमति गरगहना पहिराइन्छ । सक्कली एकमुखे रुद्राक्ष, नागमणि जस्ता बस्तुहरु ढुकुटीबाट झिकिन्छन् । त्यसरी झिकिएका बस्तुहरु मार्ग कृष्ण औंसीको दिन भण्डारमा पुनः राखिन्छन् । बालाचर्तुदशीको दिन मध्यरातमा अन्तिम शतबिज छरिन्छ । जसलाई "कएन्या" भनिन्छ । यो कार्य सम्पन्न भएपछि त्यस वर्षको शतबिज छर्ने कार्य समाप्त हुन्छ । बाला चतुर्दशीको दिनदेखि पशुपतिनाथलाई तर स्नान गराउँछ । यसको साथसाथै तातो पानीले स्नान गराइन्छ । फलतः चैत्र कृष्ण चतुर्दशीसम्म प्रतिदिन त्यसरी नै स्नान गराइन्छ ।

यस पर्वमा शतबिज छर्दा महत्व बुझ्नेहरु सबेरै अर्जुनधारा सप्तधारामा नुहाएर " सुवर्णरत्तिकातुल्यं ब्रीहिमेकं परिक्षिपेत् मृगस्थली परिभ्रम्य पुनर्जन्म न विधते" भनी मन्त्र पढ्दै शतबिज छदर्छन् । यसर्थ हरेक साल शतबिज छर्नेहरुको घुइँचोसँगै जाडो भित्रिन्छ भन्ने पुरानै उखान हो । यसपटक पनि जाडो त अवश्य बढ्ला नै तर मुलुकको बर्तमान शान्तिको स्थितिको कारण गर्दा श्रद्धालुहरुको घुइँचो बिगतका वर्षहरुको तुलनामा बढ्ने अनुमान गरिएको छ । यस दिन बौद्ध धर्मावलम्वीहरु स्वयम्भूमा शतबिज छर्न धाउने गर्छन् । सो दिनमा देवताहरुको पनि जात्रा हुने भन्ने धार्मिक विश्वास उनीहरुको छ । देवताहरुको पनि देवता पूर्वको पशुपतिनाथ अर्जुनधाराको दर्शन गरिसकेपछि आसपासमा रहेका महत्वपूर्ण मन्दिरहरुमा पनि दर्शनार्थीको भीड लाग्ने गर्दछ । तसर्थ मार्ग कृष्ण त्रयोदशीको साँझदेखि अर्जुनधारा धामको सेरोफेरो मानिसको भीड लाग्न थाल्छ । पसलेहरु सकेसम्म राम्रो ठाउँ ओगटेर पाल हाली बजार बसाल्न थाल्छन् । अनि अरु भक्तालुहरु जहाँ जहाँ मिल्छ त्यही त्यही आफ्ना डफ्फाका साथ आसन बसाउँछन् । साँझ पर्दासम्ममा अर्जुनधारा धाम परिसरको चौरमा खुट्टो राख्न पनि मुश्किलले पाइने स्थिति हुन्छ ।


साँझ परेपछि धार्मिक अनुष्ठान शुरु हुन्छ । एकातिर परिवारका मूली वा जिम्मेवार व्यक्तिहरु अर्जुनधाराधामको मूल बत्तीबाट पितृका नाउँको दियो वा महादीप, जीवनदीप आदि जगाएर रातभर त्यसको संरक्षण गरेर बस्छन् भने अर्कातिर मादल र बाँसुरीको तालमा नाँच्ने पनि हुन्छन् । अनि केही धार्मिक प्रवृत्तिका रसिक पाकाहरु पनि बैंसको स्मृतिमा भजन, चुड्का, कीर्तन आदि गरेर कठोर रातको पीडालाई केही मत्थर बनाउने प्रयत्न गर्छन् ।

समग्रमा भन्नुपर्दा अर्जुनधारा धामक्षेत्रमा त्रयोदशीको त्यो रात टाढाबाट असंख्य मौरीको भुनभुनले भरिएको रातभैं सुनिन्छ । कैलाशतिर हेर्दा त्यसको थाप्लो धपक्क बलेर त्यसको प्रकाशले चुक जस्तो गाढा अन्धकार आकाशलाई छेड्ने ठूलो प्रयत्न गरिरहेभैं देखिन्छ । अनि चतुर्दशीको दिन चाँहि बिहान सबेरै महादीप वा दीप लगेर भगवानको समिपमा सेलाइन्छ र मानिसहरु नुवाई धुवाई भोलेबाबाको पूजा गरी शतबिज छर्ने कार्य गर्दछन् । यसरी शतबिज छरी सम्पूर्ण अनुष्ठान गरिएको हुन्छ । त्रयोदशीका दिन राति अर्जुनधारा खासगरी मुख्य मन्दिर आसपासमा दीप महादीप बालिदिएमा जीवात्मा कुनै कारणवश शून्यमा मार्ग नपाई अन्धकारमा भड्किरहेका भए पनि त्यस दीपका प्रकाशले मार्ग पाई पितृलोकमा जान सक्छ र धाम क्षेत्रमा शतबिज छर्दा एक गेडा अन्न बराबर एक तोला सुन दानको पुण्य मृतकलाई मिल्छ भन्ने गहिरो जनविश्वास छ ।

यो पर्व नेपाली सँस्कृतिको एक महत्वपूर्ण अंग हो र हिन्दू धर्मावलम्बीहरुले यसलाई बडो हर्षोल्लासका साथ मनाइने गरेको पाइन्छ । धार्मिक आस्था तथा परम्पराको विश्वासको आधारमा नै शतबिज छर्ने कार्य गर्ने गरिन्छ । यसबाट सबैको कल्याण हुने कुरामा कसैको पनि दुईमत नहोला । स्मरण रहोस् अर्जुनधारा जलेश्वर धाममा कार्तिक २७ गतेबाट धामको ४३औ बार्षिक अनुष्ठान वायु पुराण आयोजना भइरहेको छ ।

# झापामा लागूऔषधसहित तीनजना पक्राउ

झापा(प्रस) । झापामा लागूऔषधसहित तीनजना पक्राउ परेका छन् । मंगलवार बिहान ११:५० बजे झापा गाउँपालिका वडा न.५ खाताबस्तीस्थित सशस्त्र प्रहरी बल बिओपी पन्तापाडाबाट खटिएको टोलीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका कमल वडा न.३ कर्खा बस्ने २८ वर्षीय दिलिपकुमार भुजेललाई लागूऔषधसहित पक्राउ गरेको हो । शंका लागेर चेकजाँच गर्दा उनको साथबाट प्लाष्टिकले पोका पारी लुकाई छिपाई ल्याउँदै गरेको प्लाष्टिकबाहेक ८ ग्राम ३७ मिलिग्राम ब्राउनसुगर बरामद भएको थियो । उनलाई नियन्त्रणमा लिइ थप अनुसन्धान तथा



कानुनी कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय झापा पठाइएको छ ।

त्यस्तै मंगलवार साँझ ७:४० बजे वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेको प्रदेश १-०१-१५ प ५३३ नं. मोटरसाइकललाई शंका लागेर चेकजाँच गर्दा मोटरसाइकल चालक हल्दिबारी २ बस्ने राम मर्डी र वडा नं ३ बस्ने धनबहादुर बनले मोटरसाइकलको बिचमा चिनीको पोकामा प्लाष्टिकको पोका पारी लुकाई छिपाई ल्याउँदै गरेको ३ ग्राम ८३० मिलिग्राम ब्राउनसुगर भेटिएको थियो । दुबै जनालाई मोटरसाइकलसहित नियन्त्रणमा लिई थप अनुसन्धान तथा कानुनी कार्बाहीको लागि जिप्रका झापा पठाइएको छ ।

# इनड्राइभ नेपाल प्रिमियर लिगको आधिकारिक राइड-हेलिङ पार्टनर

झापा(प्रस) ।नेपालको प्रमुख राइड-हेलिङ एप तथा ग्लोबल मोबिलिटी एण्ड अर्बन सर्भिस प्लेटफर्म इनड्राइभले नेपाल प्रिमियर लिग (एनपीएल) २०२५ सँग आधिकारिक राइड-हेलिङ पार्टनरको रूपमा साझेदारी गरेको छ । यो साझेदारीले नेपालको सबैभन्दा ठुलो र लोकप्रिय टी२० क्रिकेट लिग र विश्वभर सर्वाधिक प्रयोग गरिने राइड शेयरिंग एप इनड्राइभलाई एकै ठाउँमा ल्याएको छ।

यस साझेदारीले इनड्राइभलाई युवा तथा खेल समुदायसँगको सक्रिय सम्बन्ध सुदृढ गर्दै नेपाली बजारमा अझ गहिरो पहुँच स्थापना गर्ने महत्वपूर्ण अवसर प्रदान गरेको छ । यात्रु र ड्राइभरले प्रत्यक्ष भाडा तय गर्न सक्ने मोडलमा आधारित इनड्राइभले निष्पक्षता, पारदर्शिता र स्वतन्त्रताको मूल्यलाई प्राथमिकता दिन्छ, जुन नेपाल प्रिमियर लिगको भावना र मूल्यसँग पनि मेल खान्छ।

नेपाल प्रिमियर लिगसँगको सहकार्य इनड्राइभका लागि ब्राण्ड भिजिबिलिटी र समुदायसँगको सम्बन्धलाई अझ बलियो पार्ने रणनीतिक कदम पनि हो ।नेपालको सबैभन्दा ठुलो क्रिकेट प्रतियोगितासँग जोडिँदै इनड्राइभले स्थानीय पहलहरुलाई समर्थन गर्ने र समान अवसर सिर्जना गर्ने आफ्नो उद्देश्यलाई




निरन्तर पूरा गर्दै आएको छ। यो साझेदारीमार्फत इनड्राइभले निष्पक्षता, पहुँच योग्यता र समुदायको विकासमा आफ्नो प्रतिबद्धता देखाएको छ र नेपालको सबैभन्दा विश्वासिलो र लोकप्रिय राइड-हेलिङ सेवाको हैसियतमा आफ्नो उपस्थिति अझ मजबुत बनाएको छ। इनड्राइभका नेपाल कन्ट्री रिप्रिजेन्टेटिभ रिता पोखरेलले भनिन्,"नेपाल प्रिमियर लिगजस्तो नेपालको प्रतिष्ठित एवं ठुलो क्रिकेट लिगसँग साझेदारी गर्न पाउँदा हामी निकै उत्साहित छौं। क्रिकेटले देश तथा विदेशमा छरिएर रहेका समस्त जनतालाई एकताबद्ध गर्छ र यस साझेदारीले हामीलाई त्यो अद्भुत ऊर्जाभित्र रहने मौका दिएको छ, साथै सबैका लागि सहज, सुरक्षित र लचिलो मोबिलिटी सुनिश्चित गर्छ। इनड्राइभको निष्पक्ष व्यवसाय मोडलले पारदर्शिता, स्वतन्त्रता र मूल्यमार्फत मानिसलाई सशक्त बनाउँछ, जुन क्रिकेटको भावना र एनपीएलको सिद्धान्तसँग पूर्ण मेल खान्छ। हामी यस सिजनलाई अझ रोचक, पहुँचयोग्य र स्मरणीय बनाउने आशा गर्दैछौं।

नेपाल क्रिकेट एसोसिएसन अफ नेपालका सचिव पारस खड्काले इनड्राइभलाई एनपीएल परिवारमा स्वागत गर्दै भने, "इनड्राइभलाई हाम्रो आधिकारिक राइड-हेलिङ पार्टनरको रूपमा स्वागत गर्न पाउँदा हामी खुसी छौं। समुदायलाई सशक्त बनाउने र सहज पहुँच पुऱ्याउने बनाउने इनड्राइभको प्रतिबद्धता र क्रिकेटमार्फत समावेशिता र खेलको भावना प्रवर्द्धन गर्ने हाम्रो उद्देश्य मेल खान्छ । इनड्राइभको सहभागिताले यस सिजनको फ्यान अनुभवलाई अझ समृद्ध र उत्साहजनक बनाउने छ भन्नेमा हामी विश्वास गर्छौं ।" इनड्राइभ र एनपीएलबीचको साझेदारीले समुदाय-केन्द्रित कार्यक्रम, गर्व, सहकार्य र समान पहुँच प्रवर्द्धन गर्ने आफ्नो दिगो प्रतिबद्धता पुष्टि गरेको छ। स्थानीय ड्राइभर पार्टनरलाई सशक्त बनाउँदै, मोबिलिटी सुविधा सुधार गर्दै र राष्ट्रिय खेलकुद कार्यक्रमलाई समर्थन गर्दै इनड्राइभ मैदानभित्र र बाहिर दुवै ठाउँबाट समुदायको विकासमा सक्रिय छ।

# कालिकापीठमा सप्ताहब्यापी श्रीमद्गरुड महापुराण आयोजना गरिने

कालीस्थान(प्रस) । कालिकापीठ कालीस्थानको २२ औं बार्षिक अनुष्ठानको अवसर पारेर सप्ताहब्यापी श्रीमद्गरुड महापुराण आयोजना गरिने भएको छ । यही मंसिर १८ देखि २५ गतेसम्म सप्ताहब्यापी श्रीमद्गरुड महापुराण, दैनिक रुद्राभिषेक महायज्ञ, नित्य हवन, तुलादान, वेद पाठपारायण, धनधान्याचललगायतका कार्यक्रम तय गरिएको पीठका अध्यक्ष ज्योतिषाचार्य लक्ष्मीप्रसाद पोखरेलले जानकारी दिए ।

महायज्ञको तयारीका लागि पीठका उपाध्यक्षद्वय डिल्लीराम दाहाल र कर्ण तामाङको संयोजकत्वमा प्रचार-प्रसार समिति, कोषाध्यक्ष खडानन्द खतिवडाको संयोजकत्वमा कोष ब्यवस्थापन समिति, आचार्य रघुनाथ रिजालको संयोजकत्वमा मञ्च ब्यवस्थापन समिति, निलकण्ठ नेपालको संयोजकत्वमा पूजा ब्यवस्थापन समिति गठन गरिएको उपाध्यक्ष दाहालले जानकारी दिए । पीठका पूर्व विद्यार्थीहरु पण्डित सीताराम तिम्सिना प्रमुख कथावाचक रहने पुराणमा पाठपारायण पण्डित सीताराम खनालले गर्नेछन् । पीठका दिवंगत आजीवन सदस्यसहित पितृ उद्दार र राष्ट्र शान्तिको कामनासहित आयोजना गरिने महायज्ञको उद्घाटन मंसिर १८ मा हुनेछ । मंसिर १९ देखि २४ गतेसम्म दैनिक विहान ७ बजेदेखि मण्डप पूजन, विहान ९ बजेदेखि श्रीमद्गरुड महापुराण पाठपारायण, विहान १० बजेदेखि ३ बजेसम्म कथा प्रवचन तय गरिएको महायज्ञमा संगीतमय कथा प्रवचन रहने कालिकापीठ कालीस्थानका सचिव पण्डित भोलानाथ पोखरेलले जानकारी दिए ।

अहिलेसम्म उपलब्ध गरुड पुराण पूर्व खण्ड र उत्तर खण्ड गरी दुई भागमा विभाजित छ । विष्णुभक्त गरुड श्रोता र बिष्णु भगवान आफै प्रमुख बक्ता भएर विष्णु भगवानका अवतारहरुको वर्णन गरिएको हुनाले श्रोताकै नामबाट यसलाई गरुड महापुराण नामकरण गरिएको पाइन्छ । पूर्व खण्डमा २२९ अध्याय र उत्तर खण्ड (जसलाई प्रेतकल्प पनि भनिन्छ) मा ३५ अध्यायसहित २६४ अध्याय रहेको गरुडपुराणमा १९ हजार श्लोक रहेको श्रीमद्भागवत महापुराणमा उल्लेख भएपनि हाल बजारमा पाइने गरुड पुराणमा यति श्लोक संख्या नरहेको जानकारहरु बताउँछन् । गरुड पुराणभित्र भक्ति, ज्ञान, सदाचार, निष्काम कर्मको महत्वको वर्णनसँगै यज्ञ, दान, जप, तप, तीर्थ, देवपूजा, श्राद्ध, तर्पणजस्ता कार्यको इहलौकिक र

❖ बाँकी अन्तिम पृष्ठमा

**सुशासनको...**

लागि त यो परिवर्तन झनै निर्णायक हुन्छ ।

अन्ततः नेपाल आधुनिक प्रशासनिक व्यवस्थाको चरणमा प्रवेश गर्न सक्ने सबै सम्भावना बोकेको देश हो । यसका लागि पुरानै कागजी संरचना, बर्षौं पुरानो प्रशासनिक संस्कृति र अस्पष्ट निर्णय प्रक्रियालाई बन्द गरेर, डेटाचालित, डिजिटल र पारदर्शी प्रणालीतर्फ साहसिक कदम चाल्नु पर्छ । राष्ट्रको प्रगतिशील भविष्य युवाको आकांक्षा, प्रमाणमा आधारित नीति र जिम्मेवार प्रशासनमा निहित छ । त्यसैले आजको मुख्य सन्देश स्पष्ट छ, आधुनिक नेपाल कागजी फाइलमा होइन, प्रमाण र पारदर्शितामा उभिन्छ । सुशासनलाई स्थायी बनाउने नयाँ आधारस्तम्भ यही हो, सुरक्षित, सक्षम र दिगो डेटा व्यवस्थापन ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ